म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१३ बुधबार ३० फागुन २०८० ने. सं. ११४४ चिल्लाथ्व 13 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एमाले थाहानगर अध्यक्षमा प्रधान

हेटौंडा, २९ फागुन/नेकपा एमाले थाहा नगरपालिका कमिटीको अध्यक्षमा सुरेन्द्रमान प्रधान चयन भएका छन् । एमाले थाहानगरको तेश्रो अधिवेशनले अध्यक्षमा प्रधानलाई अध्यक्षमा चयन गरेको हो ।

पार्टी कमिटी उपाध्यक्ष्यमा हेमकुमार थिंङ, सचिवमा सुजन रायमाझी, उपसचिवमा तुलसा बिष्ट, उपसचिवमा सूर्यबहादुर दोङलगायतका चयन भएका छन् । अधिवेशनमा नेकपा एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौला, एमाले मकवानपुर इन्चार्ज देवी ज्ञवाली, एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, एमाले नेताहरु बलराम बल, नवराज तिमल्सिना, एमाले मकवानपुरका सचिवालय सदस्य मदनकुमार दाहाललगायतको उपस्थिति थियो ।

# बागमती सरकारलाई विपक्षी सांसदका योजनामा बजेट दिन समितिको सुझाव

साझाकुरा संवाददाता



हेटौंडा, २९ फागुन/ बागमती प्रदेश सरकार र विपक्षी दलबीचको बजेट विवाद निरुपणका लागि गठित संसदीय विशेष समितिले प्रतिवेदन बुझाएको छ ।

मंगलबार बसेको प्रदेशसभा बैठकमा विशेष समितिको प्रतिवेदन पेश भएको छ । बजेट तथा कार्यक्रम विशेष समितिको संयोजक गोविन्द प्रसाद लम्सालले विशेष समितिको प्रतिवेदनको प्रस्ताव टेबुल गरेका हुन् । प्रदेशसभाको आज बुधवार बस्ने बैठकमा विशेष समितिको प्रतिवेदनमाथि दफावार छलफल गरी पारित गर्ने कार्यसूचि रहने सभामुख एवम् कार्यपरामर्श व्यवस्थापन समितिका अध्यक्ष भुवनकुमार पाठकले जानकारी दिए ।

सभामुख पाठकलाई बैठक सञ्चालन हुनु भन्दा अगाडि बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति संयोजक लम्साल, सदस्यहरु मधुसुदन पौडेल, उद्धव थापा, रत्नप्रसाद ढकाल, रमा आले मगर लगायतले प्रतिवेदन बुझाएका थिए । १७ फागुनमा बसेको प्रदेशसभा बैठकले चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा सरकारले विपक्षी दल नेकपा एमाले र राप्रपाको सांसदहरुको योजना समेट्न गरेको लिखित सहमति कार्यान्वयनका लागि संसदीय विशेष समिति गठन गरेको थियो ।

समितिले विज्ञसहितको छलफलबाट ११ दिनमा प्रतिवेदन तयार पारेको संयोजक लम्सालले बताए । समितिले सहमति कार्यान्वयन गर्न सरकारलाई आगामी चैत पहिलो हप्ताभित्रको समयसीमा तोकेको लम्सालले बताएका छन् । बजेटको विषयमा सरकारका तर्फबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेल, निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा तथा प्रतिपक्षबाट एमालेका नेता जगन्नाथ थपलिया र राप्रपाका नेता उद्धव थापाबीच गत १८ असारमा सहमति भएको थियो ।

सहमति पश्चात २० असार ०८० मा बसेको मन्त्रिपरिषद् बैठकबाट सहमतिअनुसार बजेटमा योजना समेट्ने निर्णय भएको र हालसम्म कार्यान्वयनमा नआएको विषय प्रतिवेदनमा उल्लेख छ । सरकारले १ असारमा ६२ अर्ब ७० करोडको बजेट ल्याएको थियो । तर, विपक्षी दलहरुले विरोध गरेपछि छुटेका योजना समेट्ने प्रतिबद्धतासहित १८ असारमा सहमति भयो । सहमति कार्यान्वयन नभएको भन्दै दुबै दलले विरोध गरेपछि २२ असोजमा स्थगित भएको प्रदेशसभा १४० दिनपछि मंगलबार बस्यो । १५ फागुन यता पनि प्रदेशसभा बैठक सञ्चालनमा सहजता नदेखिएपछि विपक्षी दलकै प्रस्तावमा संसदीय विशेष समिति गठन गरिएको थियो ।

**समितिको सुझावमा के छ ?**

समितिले सहमति अनुसार सासंदहरुले थप गर्न दिएका आयोजना सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले बजेट सूचना प्रणालीमा प्रविष्ट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले सहजिकरण गर्न सुझाव दिएको संयोजक लम्सालले बताए ।

थप भएका आयोजनामा प्रस्ताव गरिएको बजेट अर्थ विविध वा अन्य शीर्षक अन्तर्गतको पुजीँगततर्फको विनियोजित रकमबाट रकमान्तर गर्न समितिले सरकारलाई सुझाव दिएको उनले जनाए । २० असार २०८० को मन्त्रिपरिषद्ले सहमतिअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तावित बजेटसहितका आयोजनाको सूचि कार्यान्वयनका लागि निर्देशनसहित पठाएको विषय समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

'हालसम्म पनि ती योजनाहरु प्रदेश सरकारबाट कार्यान्वयन नगरिएको सन्दर्भमा उल्लेखित आयोजनालाई मन्त्रिपरिषद्बाट तपशील गर्न/गराउन निर्णय गरी तत्काल कार्यान्वयनमा लैजान यस विशेष समिति सिफारिस गर्दछ,' संयोजक लम्साले भने । विशेष समितिले संलग्न सूचिबमोजिमका आयोजना सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले बजेट सूचना प्रणालीमा प्रविष्ट गर्दिएर आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक सहजीकरण गर्न सुझाव दिएको छ ।

विषयगत मन्त्रालय तथा निकायले आफू अन्तर्गतका कार्यालयमार्फत् उल्लेखित आयोजनाको नियमनानुसार कार्यान्वयन गराउन सुझाव दिइएको संयोजक लम्सालले जानकारी दिएका छन् । थप आयोजनाको हकमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद ३ र आर्थिक कार्यविधि नियमावली, २०७४ को परिच्छेद ४ मा वार्षिक बजेट तर्जुमाको समयसीमा सहितको प्रक्रिया र आयोजना छनोट तथा बजेट बिनियोजन र मापदण्ड तोकिएको हुँदा ऐन, नियमअनुसार कार्यान्वयन गर्न सक्ने भएकाले पुजीँगत खर्च गराउन प्रदेश सरकार लाई निर्देशन दिन सभालाई समितिले सिफारिस गरेको छ ।

सिफारिस योजना/कार्यक्रमको हकमा आगामी चैतको पहिलो हप्ताभित्र कार्यान्वयन सुरु गर्न सरकारलाई समय सीमा तोकी निर्देशन दिन सुझाव दिइएको संयोजक लम्सालले जानकारी दिए ।

**आज बस्दै प्रदेशसभा बैठक**

मंगलवार बसेको प्रदेशभा बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश हस्तकलाग्रामको स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० दफावार छलफलको लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भनी प्रस्ताव पेश गरेका थिए ।

बैठकले यो प्रस्तावलाई उद्योग, पर्यटन, वातावरण समितिमा पठाउन अनुमति प्रदान गरको छ । सभामुख पाठकले बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्माको कार्यालयबाट मुख्यमन्त्री जम्कट्टेललाई कार्यभार सम्हाल्ने विषयको पत्र प्राप्त भएको जानकारी गराए । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले अर्को फागुन ३० गते अपरान्ह ३ बजे बस्ने गरी आजको बैठक स्थगित गरे ।

# तीन जनालाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार

साझाकुरा संवाददाता




हेटौंडा, २९ फागुन/ मकवानपुरका तीनजना कृषक पशुसेवा कार्यालय हेटौंडा मकवानपुर द्वारा आयोजित एक कार्यक्रममा पुरस्कृत भएका छन् ।

जिल्लाको थाहा नगर पालिका-७, डाँडावास कृषि प्रालिमार्फत बाख्रापालन गरिरहेका इमानसिं थिङ, मनहरी गाउँपालिका-७, रमौलीको रवि व्यावसायीक कृषिफर्ममार्फत कागती र ड्रागनखेती गरिहेका मुना अर्याल र हेटौंडा-१७ स्थित विविआर एग्रो प्रालिमार्फत वोयर जातको बाख्रापालन गरिरहेका झम्कनाथ सुवेदी (विवेक) लाई जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले राष्ट्रपति उत्कृष्ट पुरस्कारका लागि छनोट भएका कृषकलाई २५ हजार रुपैयाँ नगदसहित सम्मान गरे ।

जिल्ला समन्वय समितिको संयोजकत्वमा चितवन ज्ञानकेन्द्र सदस्यसचिव र पशुसेवा कार्यालय हेटौंडा मकवानपुर सदस्य रहेको समितिले बनाएको जिल्लास्तरीय उत्कृष्ट कृषक छनोट विधिअनुसार उत्कृष्ट ठहरिएका कृषकलाई पुरस्कार प्रदान गरिएको हो । पुरस्कारका लागि जिल्लाभरबाट ११ वटा प्रस्ताव दर्ता भएका थिए । तीमध्ये तीन कृषकलाई बनाइएको मूल्यांकनका विभिन्न मापदण्डअनुसार छनोट गरिएको पशुसेवा कार्यालय मकवानपुरका प्रमुख डाक्टर बज्रकिशोर ठाकुरले जानकारी दिए ।

पुरस्कार प्राप्त गर्ने डाँडावास कृषि प्रालिले बाख्रापालनका साथै व्यावसायीक तरकारीखेती गर्दै आइरहेको छ । दुई पुस्तादेखि कृषिकार्य गर्दै आएको सञ्चालक इमानसिं थिङले बताए । उनको परिवारले ६० वटा खरि, जमुनापारी र वोयर जातको बाख्रापालन गर्नुका साथैं पालुङमा मुला, बन्दा, काउली, आलुलगायत तरकारी व्यावसायीक रुपमा गर्दै आएका छन् । रवि व्यावसायीक कृषि फार्ममार्फत २०६७ सालदेखि एकसय पाडापालनबाट सुरुवात गरेका अर्याललये २०६८ सालमा कुखुरापालन, कागतीखेती, ड्रागनखेती गर्दै आएका छन् ।

विविआर एग्रो प्रालिका सञ्चालक झम्कनाथ सुवेदी (विवेक) ले बोयर जातको बाख्रा पालन गर्दै आएका छन् । उनले व्यावसायिकरुपमा गरेको फर्ममार्फत बोयर जातको पाठापाठी उत्पादन गरेर बिक्री बितरण गर्दै आएका छन् ।

सम्मान कार्यक्रममा पशुविकास अधिकृत डाक्टर मदन भण्डारी, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका अमिक श्रेष्ठ, हेटौंडा उपमहानगरपालिकाकी राज्यश्वरी शाही, विक्रमकुमार चाम्लिङ, पशु चिकित्सक डा. विजय पौडेल, मत्स्य विकास अधिकृत सुस्मिता पौडेल लगायतको सहभागिता रहेको थियो ।

# चैनपुर जेसीजको पदाधिकारी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ मकवानपुरको पश्चिमीक्षेत्रमा क्रियाशील चैनपुर जेसीज मनहरीले शाखाका पदाधिकारीको लागि तालिमको आयोजना गरेको छ ।

शाखा पदाधिकारीको काम, कर्तव्य, अधिकारको विषयमा जानकारी गराउँदै थप सक्रिय बनाउने उद्देश्यले तालिमको आयोजना गरेको बताइएको छ । पवन अर्यालको संयोजकत्व एवम् शाखा अध्यक्ष र विन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-८ का वडाअध्यक्ष नारायण उप्रेतीको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रमुखअतिथि उप्रेतीले जेसीजबाट राजनीतिक दल र अन्य सामाजिक संघसंस्थाले एक वर्ष, एक व्यक्ति, एक कार्यकालको विधि र आफ्नै खर्चबाट कार्यक्रम गर्ने विषयलाई अवलम्वन गर्नुपर्ने बताए ।

जेसीजसँगको सहकार्यमा युवाको नेतृत्व र व्यक्तित्व विकाससँगै लागूऔषध दुर्व्यसनविरुद्ध काम गर्न तयार रहेको उप्रेतीले बताए । नयाँ शाखा भएकोले तालिमलाई विशेष प्राथमिकता दिइएको अध्यक्ष रविन ढकालले बताए ।

तालिमलाई हेटौंडा जेसीज वर्ष २०१५ का अध्यक्ष दीपकराज मिश्रले सहजीकरण गरेका थिए । तालिमको उद्घाटन समारोहमा प्रशिक्षक मिश्र, चैनपुर जेसीज मनहरीका निवर्तमान अध्यक्ष गणेशदर्पण अधिकारी, कार्यकारिणी उपाध्यक्ष महेश खुलाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सन् २०२२ मा स्थापना भएको यस जेसीजले मकवानपुरको पश्चिमी क्षेत्र मनहरी र राक्सिराङका युवालाई समेट्दै नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्य गर्दै आएको छ ।

# युवाले रोजे एकीकृत समाजवादी



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी मकवानपुरमा मंगलबार सयजना भन्दा बढी युवा प्रवेश गरेका छन् ।

विगतमा नेकपा एमाले, माओवादी केन्द्र, केन्द्रजस्ता राजनीतिक दलमा रही आफ्नो भूमिका निर्वाह गरिरहेका युवाहरु मंगलबार हेटौंडामा आयोजित एक विशेष समारोहमा पार्टी प्रवेश गरेको एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालले जानकारी दिए । विगतमा एमालेको अभियानमा साथ दिँदै आएका मकवानपुर मनहरी-३ का युवा रोशन बलको नेतृत्वमा युवाको ठूलो समूह समाजवादीमा आबद्ध भएको हो ।

देश र जनताको भविष्य निर्माण अब एकीकृत समाजवादीले मात्रै सम्भव हुने बुझेर आफू नेतृत्वमा संयौंको संख्यामा युवा प्रवेश गरेको बलले बताए । 'हामी युवा देशका लागि लड्ने शक्ति भएकाले हाम्रा लागि उपयुक्त पार्टी एकीकृत समाजवादी हो भन्ने बुझेरै हामी यो पार्टीमा प्रवेश गरेका छौं' बलले भने, 'हामी युवाको भावना बुझ्दै एकीकृत समाजवादीले अब देशलाई अगाडि बढाउनेछ भन्नेमा विश्वस्त छौं ।'

पार्टीमा प्रवेश गरेका युवालाई कार्यक्रमका प्रमुखअतिथि नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य एवम् पूर्वस्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले टीका र खादा लगाउँदै स्वागत गरे । पार्टीका प्रभावशाली नेता खतिवडाले एकीकृत समाजवादी पार्टीलाई बलियो बनाएर एकपटक मुलुकको शासन गर्ने तयारीमा लाग्नुपर्ने बताए । विगतमा पनि थोरै सङ्ख्यामा सुरु भएको कम्युनिष्ट पार्टी पछि ठूलो हुँदै देश हाँकेको उदाहरण हामीबीच रहेको भन्दै खतिवडाले नीति, नेतृत्व अनि व्यवहार ठीक भएको खण्डमा सफलता मिल्ने बताए ।

'पार्टी निर्माणको अभियानमा तपाईहरु पनि जोडिनु भएको छ,' उनले भने, 'विद्यार्थीहरु विद्यार्थी संगठन, युवाहरु युवा संगठन र पार्टीमा जोडिएर राजनीति गर्न चाहनेहरु अहिले पार्टी वडामा जोडिएर काम गर्न सक्नुहुन्छ ।' प्रवेश गरेका युवालाई उनीहरुको रुची अनुसारको जिम्मेवारी पार्टीले दिने बताउँदै जनताको दुःखमा अगाडि उभिदिने गरेमा जनताले विश्वास गर्न थाल्ने बताए ।

पार्टी पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सदस्य, संविधानसभा सदस्य राजाराम स्याङतान, जिल्ला उपसचिव किशोर टण्डन, कार्यालय सचिव तिलक अधिकारी प्रचार विभाग प्रमुख रामकुमार एलन, जिल्ला कमिटी सचिवालय सदस्य गणेश कठायत, किशोर बर्तौला लगायतको आतिथ्यता थियो ।

# मेयर कप फुटबल चैत अन्तिमबाट गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ हेटौंडामा चैत अन्तिम साताबाट मेयर कप फुटबल प्रतियोगिता-२०८० हुने भएको छ । हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोग र नगर खेलकुद विकास समितिको समन्वयमा मेयर कपको चौथो संस्करण हुन लागेको हो ।

चैत २४ गतेबाट हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा हुने प्रतियोगितामा नगरको १९ वटा वडा सहभागी हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । नगरक्षेत्रमा खेलाडी उत्पादनका लागि फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । नकाउट आधारमा सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद २ लाख रुपैयाँ र उपविजेताले एकलाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

प्रतियोगितामा करिब १५ लाख रुपैयाँ खर्च अनुमान गरिएको हेटौंडा नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्रप्रसाद घिमिरेले बताए । उनका अनुसार प्रतियोगितामा राष्ट्रिय टोलीमा सहभागी भइसकेका खेलाडीले खेल्न पाउने छैनन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई दशहजार रुपैयाँ नगदसहित सम्मानित गरिने भएको छ । प्रतियोगितामा विधागत रुपमा उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकलाई जनही नगद ५/५ हजार रुपैयाँ प्रदान गरिने घिमिरेले बताए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरूः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**सम्पर्क कार्यालयः**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कान्तिपथ संचालनमा बिलम्ब

हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ सडक खण्ड १ चैतदेखि ४५ दिनसम्म बन्द हुने भएको छ । चितलाङ्-चन्द्रागिरी-थानकोट खण्ड र भीमफेदी-कुलेखानी-फर्पिङ सडक खडको निर्माण भइरहेका कारण कान्तिलोकपथ भएर दैनिक हजारौं सवारी साधन चलिरहेका थिए । २०१३ सालमा तत्कालीन राजा महेन्द्रवीरविक्रम शाहले शिलान्यास (ट्र्याक खन्दै) गरेको ललितपुर र हेटौंडा जोड्ने छोटो सडकमार्ग कान्तिलोकपथ अझै पूरा भएको छैन । २०१६ सालमा राजा महेन्द्रले आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएको यो सडकखण्ड उद्घाटन गरेका थिए । सरकारले प्राथमिकता नदिँदा र निर्माण कम्पनीको ढिलासुस्तीले यो सडक निर्माण ६६ वर्षदेखि निर्माणाधीन अवस्थामै रहेको छ । वर्षायाममा काठमाडौं उपत्यका प्रवेश गर्ने सबै नाका ठप्प भएपछि मात्र कान्तिराजपथको चर्चा हुने गरेको थियो । तर, पछिल्ला वर्षमा कान्तिलोकपथ सडक विस्तार हुने काम भएको छ । आयोजनाका अनुसार हालसम्म ८७ किलोमिटर सडक निर्माण भइसकेको छ । पाँच किलोमिटर सडक बनाउनै बाँकी छ ।

आयोजनाका अनुसार ललितपुरतर्फ टीकाभैरव-भट्टेडाँडा साढे दुई किलोमिटर, छपेली-काल्चेभिरमा एक किलोमिटर खन्न बाँकी छ । यो खण्डमा पहिरो र कडा चट्टान भएका कारण निर्माण गर्न कठिन भएको हो । कान्तिलोकपथ अलपत्र पर्नुमा खासगरी सरकारको बेवास्ता मुख्य कारण थियो । सेनाले ०१३ मा ट्र्याक खोल्न सुरु गरेर ०१६ मा सकेको थियो । तर, त्यसपछि कान्तिलोकपथ निर्माण सरकारको प्राथमिकतामा नै परेन । ०५९ मा आएर मात्रै लोकपथलाई हेटौंडा जोड्ने वैकल्पिक मार्गकारुपमा विकास गर्नुपर्ने बहस सुरु भयो । लगत्तै कोरियन सरकारको सहयोगमा सडकको डिपिआर तयार गरियो । तर, काम अघि बढ्न सकेन । ०६५ मा लोकपथ निर्माण पुनः बहसमा आयो । ५.५ मिटर चौडाइ रहने भनिएको सडक ८.५ मिटर चौडा बनाउने तय गरियो, तर, बजेट विनियोजन गरिएन । लोकपथलाई सरकारले प्राथमिकतामा राखेको आर्थिक वर्ष ०७०/७१ बाट मात्रै हो । टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन सडक कार्यालयले चौडा पार्ने काम पूरा गरिसकेको छ । त्यहाँदेखि सातदोबाटोसम्म भने निजी घरटहरा रहेका कारण चौडा पारिएको छैन । घरटहरा, बिजुलीका तार र सडकका अन्य अवरोध हटाउने कार्य ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकाको हो । ललितपुरको टीकाभैरवदेखि भट्टेडाँडा, बगुवा हुँदै मकवानपुरको ठिंगन भएर हेटौंडा पुग्ने कान्तिलोकपथबाट दैनिक सयौंको संख्यामा सवारीसाधन आवतजावत गरिरहेका छन् ।

ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आगामी चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिपथ बन्द गरिने आयोजनाले जानकारी दिएको छ । मर्मतसम्भारका लागि काल्चेदेखि बगुवा खण्ड चैत १ गतेदेखि वैशाख १५ गतेसम्म बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ । यो खण्ड करिब १ दशमलव ५ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडक चौडा गर्न लागिएको हो । सडकमाथिका कडा चट्टान कटिङ गर्ने निर्णय भएको छ । यसका लागि अहिले ४५ दिन लाग्छ भन्ने अनुमान हो । काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म सवारी आवतजावतमा रोक लगाउने निर्णय गरिएको हो । कान्तिपथ खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका यातायातलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णय भएको छ । बुद्धचोकदेखि-टीकाभैरवसम्म ७९ किमि सडक आयोजनाले निर्माण गर्ने हो । बाँकी खण्ड निर्माणको जिम्मा सडक डिभिजन कार्यालय ललितपुरको हो । टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन कार्यालयले चौडा पार्ने काम पूरा गरेको भएपनि स्थानीयको संरचनाको अवरोधका कारण ठेचो सुनाकोठीको भाग चौडा हुन नसकेपछि २०७६ सालमा सरकारले निर्णय गरेर सडकको खण्ड टीकाभैरवबाट छम्पी भैंसेपाटी हुँदै नख्खुसम्म तय गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चेत १ गते बिहीबार १४ मार्च २०२४ । चतुर्थी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१६, सूर्यास्त ६:११ । पाई डे । चैत्र संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# गठबन्धन बन्ने, भत्किने र फेरि बन्ने कारण



✍ **खिमलाल देवकोटा**

राजनीतिको क्षेत्रमा, गठबन्धन सरकारहरू विश्वव्यापी रूपमा बढ्दै गएका छन् । तिनीहरूले विविध राजनीतिक विचारधारा, रणनीतिक गठबन्धन, व्यावहारिक सम्झौता र जटिलताको परिणामको सही प्रतिनिधित्व गर्छन् । कतिपय गठबन्धन स्थिरता र प्रभावकारिता हासिल गर्दै फस्टाउँछन्, अरूहरू विवादित स्वार्थ र आन्तरिक कलहको बोझले टुक्राटुक्रा हुन्छन् । यस लेखले विभिन्न देशमा गठबन्धन सरकारहरूको गठन, कार्य र अन्ततः विघटनको विश्लेषण गर्दै नेपालको सन्दर्भलाई उजागर गर्ने प्रयत्न गर्दछ ।

गठबन्धनको ध्येय सरकार हो । जब दलहरू आफ्नै बुतामा सरकार गठन गर्ने ल्याकत राख्दैनन् तब मन मिल्ने वा स्वार्थ मिल्नेहरूका बीच सरकार गठन गर्ने उद्देश्यले मात्रै भए पनि दलहरूबीचको सहकार्य आवश्यक हुन्छ । यो घटना कुनै विशेष क्षेत्र वा राजनीतिक प्रणालीको लागि मात्र होइनह यसले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सिमानाहरू पार गर्छ यत्रतत्र सर्वत्र गठबन्धन संस्कृतिको अभ्यास हुने गरेको छ । ठाउँ, परिवेश र चरित्र विशेषमा यसको अभिव्यक्ति भिन्न हुन्छ । युरोपको संसदीय लोकतन्त्रदेखि एशिया र अफ्रिकामा बहुदलीय प्रणालीसम्म, गठबन्धन सरकारहरू आधुनिक राजनीतिक परिदृश्यमा विभिन्न ढंगले देखा पर्ने गरेका छन् । यसै परिवेशमा नेपालमा पनि लामो समयदेखि गठबन्धन सरकारको अभ्यास हुँदै आएको छ । त्यसै गठबन्धन सरकारका बारेमा चर्चा गर्ने यस आलेखको ध्येय रहेको छ ।

### गठबन्धन सरकार गठन

गठबन्धन बाध्यताको उपज हो । जब दलहरू एकल रूपमा सरकार गठन गर्न सामर्थ्य राख्दैनन् तब गठबन्धन अनिवार्य आवश्यकता बनेर आउँछ । अनिवार्य आवश्यकता भएकै कारण गठबन्धन सरकार गठनको प्रक्रिया स्वाभाविक रूपमा जटिल हुन्छ जसमा सहभागी दलहरूबीच वार्ता, छलफल सहमति र सम्झौताको लामो र जटिल प्रक्रियाबाट गुज्रन अनिवार्य छ । गठबन्धन सरकारलाई चुनावी नतिजा, वैचारिक अनुकूलता, नीति प्राथमिकता र रणनीतिक गणनाहरू सहित धेरै कारकले प्रभाव पार्छन् ।

संसदीय प्रणालीमा, गठबन्धन गठन सामान्यतया एक आम चुनाव पछ्याउँछ जहाँ कुनै एक दलले संसद्मा बहुमत प्राप्त गर्न सक्दैन । साझा नीतिगत उद्देश्य र आपसी हितमा आधारित गठबन्धन बनाउन दलहरू चुनावपछिको वार्तामा संलग्न हुन्छन् । पार्टी वा गठबन्धन नेता जसले बहुमत विधायिकाको समर्थनको कमाण्ड गर्छ, सामान्यतया सरकार गठन गर्न आमन्त्रित गरिन्छ । यसलाई निर्वाचनपछिको गठबन्धन पनि भन्न सकिन्छ । यसका अलावा कतिपय मुलुकहरूमा निर्वाचन अगावै पनि गठबन्धन गर्ने प्रचलन छ जो नेपालमा पनि केही समयदेखि अभ्यास हुँदै आएको छ ।

### गठबन्धन गठनका कारक

निर्वाचन परिणाम बहुदलीय पद्धति अबलम्वन गरेका मुलुकहरूमा चुनावी परिणामका माध्यमद्वारा जनमत विभाजित हुन्छ । विभाजित जनमतले सरकार गठन गर्न बहुमत भने अनिवार्य रूपमा सिद्ध गर्न जरूरी छ । यस्तो अवस्थामा निर्वाचनको परिणाम आधारित बहुमत हासिल गर्ने ध्येयले गठबन्धन सरकारको निर्माण हुन्छ । कतिपय मुलुकहरूले अवलम्बन गरेको निर्वाचन प्रणालीका कारण पनि एक दलको बहुमत असम्भव जस्तै देखिन्छ । खासगरी समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेका मुलुकहरूमा यो समस्या देखा पर्दछ भने मिश्रति निर्वाचन प्रणालीमा पनि एकल बहुमत हासिल गर्न कठिन हुने प्रणाली रहेछ भन्ने कुरा नेपालले भोगेको समस्याले पुष्टि गर्दछ ।

### विचार आधारित गठबन्धन

राजनीतिको मूल आधार विचार हो भनिन्छ । विचार र राजनीति मिल्नेहरू एकठाउँमा उभिन्छन् । निर्वाचनका बखत वा निर्वाचन पश्चात् जतिबेला भए पनि विचार र राजनीति मिल्नेहरूले गरेको गठबन्धन स्वाभाविक बन्दछ । जसलाई वैचारिक गठबन्धन पनि भन्न सकिन्छ । नेपालको सन्दर्भमा संविधान जारी भएपछिको पहिलो निर्वाचन जसमा एमाले र माओवादीले आपसमा गठबन्धन गरी निर्वाचन लडेका थिए । विचारका आधारमा एक ठाउँमा उभिएको कम्युनिस्ट गठबन्धनले गैर कम्युनिस्टहरूलाई किनारामा धकेल्ने काम पनि गरेको थियो । यसरी झन्डै दुई तिहाइको नजिक पुगेर पनि कम्युनिस्टहरूको दुर्भाग्य पूरा अवधि सरकार चलाउन सकेनन् । विचार आधारित गठबन्धन टिक्दैन भन्ने नकारात्मक भाष्य निर्माण गर्न पुगे नेपाली राजनीतिक खेलाडीहरू भन्न सकिन्छ ।

### एजेन्डा आधारित गठबन्धन

विचार र राजनीति नमिल्दा पनि दलहरू एकठाउँमा बस्न सक्दछन् । यस्तो अवस्थामा त्यस्ता दलहरूलाई एकठाउँमा ल्याउने आधार भनेको तत्कालीन एजेन्डा हो । तत्कालीन एजेन्डा मात्रै मिल्दा पनि दलहरू एकठाउँमा बस्न बाध्य हुन्छन् किन भने तिनीहरूलाई सरकार गठन गर्न पुग्ने गणित पुऱ्याउनै पर्ने बाध्यता हुन्छ । नेपालको सन्दर्भमा संसद् विघटनको पक्ष र विपक्षमा दलहरू विभाजित थिए । देश र जनता पनि विभाजित थिए त्यसले पनि एक प्रकारको स्वाभाविक परिणाम दिएको थियो र सोही आधारमा सरकार बनेको थियो । त्यो प्रकारको सरकार र गठबन्धनलाई एजेन्डा आधारित गठबन्धन भन्न सकिन्छ । नेपाली कांग्रेस, माओवादी लगायत संसद् विघटन संविधान विपरीत हो भन्नेहरूको एउटा चुनावी मोर्चा र संसद् विघटन सही थियो भन्ने एमाले लगायतका दलहरूको अर्को मोर्चाका बीचमा निर्वाचन भएको थियो ।

निर्वाचन परिणामले संसद् विघटन बेठिक थियो भन्ने नेपाली कांग्रेस र माओवादी लगायत दलहरूको एजेन्डालाई विजयी घोषणा गरेको थियो तर सरकार गठन हुने बेलामा एमाले लगायतका दलको समर्थन बन्न पुग्यो । सरकार गठनलगत्तै संसद्बाट विश्वासको मत प्राप्त गर्ने बेलामा भने सबैको मत प्राप्त गर्न सफल प्रचण्ड सरकार ऐतिहासिक सरकार बन्न पुग्यो । तर फेरि राष्ट्रपतिको निर्वाचनमा कांग्रेस नेता रामचन्द्र पौडेलको पक्षमा माओवादी उभिंदा एमाले प्रतिपक्षमा धकेलिन पुगेको हो । अहिले फेरि निर्वाचनको त्यही परिणामका आधारमा एमाले लगायतका दलको समर्थनमा नयाँ गठबन्धन सरकार बन्ने तर कांग्रेस प्रतिपक्षमा धकेलिने अवस्था बन्न पुगेको छ । एजेन्डा आधारित उक्त गठबन्धन टिक्न नसक्दा शक्ति बाँडफाँट आधारित कुर्सी प्रधान गठबन्धनलाई जन्माउन त्यही गठबन्धन जिम्मेवार रह्यो भन्न सकिन्छ ।

### कुर्सी वा शक्ति बाँडफाँट आधारित गठबन्धन

राजनीतिको ध्येय सरकार गठन गर्ने सरकार मार्फत आफ्ना नीति कार्यक्रमहरू लागू गर्ने प्रयत्न गर्ने राजनीतिको आधारभूत ज्ञान रहेछ । यसका लागि संसद्को गणित बलवान् हुने रहेछ । बहुमत सरकार बनाउने एक मात्र आधार रहेछ । बहुमत एकल प्राप्त गर्न नसकेमा गठबन्धन बहुमत जुटाउने आधार बन्दोरहेछ । नेपालको सन्दर्भमा यतिबेलाको गठबन्धन शक्ति बाँडफाँटमा आधारित गठबन्धन सरकार चलिरहेको छ । विचार राजनीति र एजेन्डा यस गठबन्धनमा गौण बन्न पुगेको छ । शक्ति बाँडफाँटमा कुरा मिलेको भए अहिले संसद्मा रहेका कुनै पनि दल सरकारमा नजाने वा नबस्ने घोषित नीति लिएका छैनन् र विगतमा पनि थिएनन् । यस्तो अवस्थामा ठूला दलहरूले गठबन्धन वार्तामा आफ्नो दबाब र प्रभाव राख्छन्, अनुकूल शर्तहरू सुरक्षित गर्न आफ्नो चुनावी शक्तिको फाइदा उठाउँछन् । साना दलहरू सत्तामा पहुँच प्राप्त गर्न वा विशिष्ट नीति उद्देश्यहरू अगाडि बढाउन गठबन्धनमा सामेल हुन सक्छन् ।

### गठबन्धन किन बन्छन, किन भत्किन्छन् ?

गठबन्धन सरकारहरूले समावेशी शासन र सहमति-निर्माणका लागि अवसरहरू प्रदान गर्दा, तिनीहरू चुनौती र समस्याबाट मुक्त छैनन् । निम्न कारकहरूले गठबन्धन सरकारहरूको कमजोरी र सम्भावित पतनमा पुग्ने त छँदैछ गठबन्धन बन्ने, भत्किने र फेरि नयाँ बन्ने अनन्त प्रयत्न हुने गर्दछन् ।

दलहरू बीचको आन्तरिक कलह गठबन्धन बन्न र भत्कनमा जिम्मेवार रहन्छ । गठबन्धन सरकारहरू स्वाभाविक रूपमा कमजोर हुन्छन्, गठबन्धन साझेदारहरू बीचको भिन्न चासो र वैचारिक मतभेदहरूले अक्सर आन्तरिक कलह निम्त्याउँछ । नीतिगत प्राथमिकता, शक्ति बाँडफाँट, मन्त्री नियुक्ति वा रणनीतिक निर्णयहरूमा असहमतिले गठबन्धन एकतालाई तनाव दिन सक्छ र साझेदारहरू बीचको विश्वासलाई कम गर्न सक्छ । गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसको बेमौसमी महासमिति र त्यहाँ भएको बहस, संविधान विरोधी हर्कत र 'जनयुद्ध'प्रतिको विषवमनका साथै परिणाम निकाल्न मन्त्रिपरिषद्को पुनर्गठन गर्न नसक्ने वातावरणको सिर्जना गठबन्धन भत्कनुका कारण हुन् भन्ने सार्वजनिक भएको छ ।

नेतृत्वमा अस्थिरता अर्को कारक हो भनिन्छ । तर नेतृत्वले स्थिर हुने नाममा कुर्सी जोगाउने तर परिणाम देखाउन नसक्ने अवस्था रोज्न तयार हुनुपर्दथ्यो । जो कुरा प्रचण्डका लागि मान्य भएन । यसको प्रभाव गठबन्धनमा स्वाभाविक रूपमा पऱ्यो भन्न सकिन्छ । किनकि अनुभव र अध्ययनहरूले के पुष्टि गरेका छन् भने गठबन्धन पार्टीहरूभित्रको नेतृत्व परिवर्तन वा नेतृत्वको स्थितिमा विवादले सरकारलाई अस्थिर बनाउन सक्छ । विशेषगरी गठबन्धन साझेदारहरूबाट समर्थन फिर्ता लिने दबाब दिने गर्दछन् । आफ्नो आन्तरिक पार्टीमा देखा परेका बाछिटाहरूको प्रभाव सरकार र गठबन्धनमा पर्दछ र परिणाम सरकार ढल्ने वा नयाँ बन्ने तहमा पुग्दछ ।

नीतिगत अस्पष्टता गठबन्धनको अर्को समस्या हो । यो कुरा आरम्भमा युक्रेन वारका बखत चीनले विपक्षमा भोट हाल्दा भारतले तटस्थ बस्दा नेपालले युक्रेनको पक्षमा भोट गरेर कूटनीतिक अपरिपक्वता प्रदर्शन गरेको थियो । यसको कारण सोध्दा सरकारको हैन, मुलुकको पनि हैन, प्रधानमन्त्रीको त हुँदै हैन, परराष्ट्र मन्त्रीको एकल निर्णयले त्यसो हुन पुगेको थियो भन्ने जवाफ प्राप्त भएको थियो । अध्ययनहरूले के देखाउँछन् भने गठबन्धन सरकारहरूले विवादास्पद विषयहरूमा धारणा बनाउन असफल हुन्छन् । खास प्राथमिकताहरूमा शक्तिको प्रभाव वा गठबन्धनभित्रको अवरोधका कारण सुसंगत नीतिहरू लागू गर्न वा अर्थपूर्ण सुधारहरू लागू गर्ने मामलामा बहस, छलफल र संघर्ष गर्न असफल हुन सक्छन् । जसले गठबन्धनका दलहरूको विश्वासलाई कमजोर बनाउन सक्छ र प्रभावकारी शासनमा बाधा पुऱ्याउँछ । जनताको तहमा विश्वास खस्कन्छ तब गठबन्धन असफल हुन ठाउँमा पुग्दछ । वास्तवमा यस पटकको गठबन्धनले त्यही हालत व्यहोर्न बाध्य भएको थियो ।

बाह्य दबाव र अनुचित चलखेल आजको दुनियाँमा स्वाभाविक परिघटना हो । तर त्यसलाई कसरी थेग्ने सम्बन्धी मुलुकको, सरकारको र नेतृत्वको चासो क्षमता र दक्षताको विषय हो । गठबन्धन सरकार भएका ठाउँमा यस प्रकारको चलखेल झन् बढी हुने गर्दछ । सामाजिक, राजनीतिक र आर्थिक संकट, रणनैतिक स्वार्थ मिश्रित भूराजनीतिक तनाव, वा यस्तै अन्य आकस्मिक परिघटनाहरू जस्ता बाफय कारकहरूले गठबन्धन सरकारहरूलाई दबाब दिन सक्छन्, तिनीहरूको लचिलोपन र उदीयमान चुनौतीहरूको प्रभावकारी रूपमा प्रतिक्रिया दिन नसक्दा गठबन्धन धरापमा पर्न सक्दछ ।

आगामी चुनावको चासो केन्द्रित विचारहरू पनि अर्को पाटो हो । गठबन्धन साझेदारहरूले दीर्घकालीन प्रभाव छाड्ने तरिकाले शासन गर्ने भन्दा आगामी चुनावी लाभहरूलाई प्राथमिकता दिन सक्छन् । जसले आफ्ना मतदाता र निर्वाचन क्षेत्रहरूलाई खुसी पार्न वा चुनावी समर्थनलाई सुरक्षित गर्ने उद्देश्यले लोकप्रिय उपायहरू वा नीतिगत छुटहरू निम्त्याउन सक्छ । जुन वास्तवमा गठबन्धन धरापमा पर्ने मुख्य कारक बन्न सक्दछ ।

### गठबन्धन सरकार नेपालको मात्रै समस्या हैन

विश्व राजनीतिमा अलग्गै पहिचान दिन सफल जर्मनी समानुपातिक निर्वाचन प्रणालीका कारण बारम्बार गठबन्धन सरकारहरू निर्माण गर्नुपर्ने बाध्यताबाट गुज्रेको छ । क्रिस्चियन डेमोक्रेटिक युनियन, क्रिस्चियन सोसल युनियन र सोसल डेमोक्र्याटिक पार्टी बीचको वर्तमान गठबन्धनले राजनीतिक विभाजनको बीचमा स्थिर शासन प्रदान गर्न गठन गरिएको एक सफल गठबन्धनलाई प्रतिबिम्बित गर्दछ । यद्यपि, वैचारिक भिन्नता र नेतृत्वको संक्रमणले गठबन्धनलाई तनावपूर्ण बनाएको छ, जसले गठबन्धन कुनै पनि बेला धरापमा पर्न सक्ने बारेमा अनेक अनुमान लगाइने गरिएको छ ।

इटाली अर्को गठबन्धनबाट प्रताडित मुलुक हो । इटालीको बहुदलीय प्रणाली र बारम्बार चुनावी पुनर्गठनले गठबन्धन सरकारहरूको अभ्यास भएको छ । परम्परागत राजनीतिबाट वाक्क भएर केही युवाहरू राजनीतिप्रतिको व्यंग्यस्वरुप फाइभ स्टार मुभमेन्ट चलाएका छन् उनीहरूले नै डेमोक्रेटिक पार्टीको नेतृत्वमा सन् २०१९ अघिल्लो सरकारको पतनपछि गठबन्धन बनाउन सफल भएको थियो । यद्यपि, आन्तरिक विवाद र नीतिगत असहमतिले गठबन्धनको एकतालाई कमजोर बनायो, जसले गर्दा यसको विघटन र त्यसपछिको राजनीतिक उथलपुथल भयो ।

छिमेकी मुलुक भारत गठबन्धन राजनीतिको सफल नमूना बन्दै गएको छ । भारतीय जनता पार्टीको नेतृत्वमा बनेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन, सफल गठबन्धनको एक प्रमुख उदाहरण हो जसले सन् २००० को प्रारम्भदेखि भारतीय राजनीतिमा प्रभुत्व जमाएको छ । यद्यपि, गठबन्धनका साझेदारहरूले कहिलेकाहीं समर्थन फिर्ता लिएका छन् वा वफादारीहरू बदलेका छन् तथापि एकल बहुमत ल्याउने अवस्थामा पनि गठबन्धन जरूरी छ भन्ने सन्देश भारतीय राजनीतिमा अभ्यास गरेको राजनीतिले दिने गरेको छ ।

इजरायल समानुपातिक निर्वाचन प्रणाली भएको मुलुक हो जसले पनि बारम्बार निर्वाचन र गठबन्धन सरकारहरू उत्पादन गरेको उदाहरण सामुन्नेमा छ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको लिकुड पार्टीले शासन गर्न दक्षिणपन्थी, केन्द्रवादी र धार्मिक दलहरूसँग गठबन्धन बनाएको छ । यद्यपि, आन्तरिक विभाजन, भ्रष्टाचार, घोटाला र व्यक्तिगत प्रतिस्पर्धाले गठबन्धनको स्थायित्वलाई कमजोर बनाएको छ, जसले बारम्बार राजनीतिक सङ्कट भने रोक्न सकेको छैन ।

### निष्कर्ष

नेपालमा गठबन्धन किन बन्छन् किन भत्किन्छन् यसका सिद्धान्त र मान्यताहरू के हुन् भन्ने स्पष्ट उत्तर छैन । हल्का टिप्पणी गर्ने, वैयक्तिक स्वभाव, चरित्र र स्वार्थमा परि घटनाहरूलाई सीमित गरिदिने प्रवृत्ति नेपाली समाजको मुख्य समस्या हो । यस प्रकारको समस्याले विषयको गहिराइमा पुग्नै दिँदैन । गहिराइमा नपुगी गरेको हल्का टिप्पणी कामयावी पनि हुँदैन । तथ्यपरक पनि हुँदैन । तब त्यस प्रकारका परि घटनाहरू पटक-पटक दोहोरिन्छन् । त्यसैले नेपाली समाजको आलोचक जगतले हल्का टिप्पणी गर्न छाडेर गम्भीर हुन प्रेरित गर्न जरुरी छ ।

यो सत्य हो कि गठबन्धन सरकारहरूले सहयोग, समावेशिता र सहमति-निर्माणका लागि अवसरहरू प्रदान गर्दै आधुनिक राजनीतिको जटिलताहरूमा व्यावहारिक परिघटनाहरूको प्रतिनिधित्व गर्छन् । यद्यपि, तिनीहरूको गठन र स्थिरता चुनावी नतिजा, वैचारिक आवद्धता, नेतृत्वको गतिशीलता र बाफय दबाब लगायत असंख्य कारकहरूको अनुकूल वा प्रतिकूल प्रभावहरू देखा पर्न सक्दछन् । कतिपय गठबन्धन सरकारहरू स्थिर शासन र नीतिको निरन्तरता दिन सफल भए पनि कतिपय आन्तरिक विवाद, बाफय झट्का वा चुनावी गणनामा फसेका छन् । गठबन्धन राजनीतिको गतिशीलता बुझ्न विभिन्न राजनीतिक सन्दर्भहरूमा शासनको जटिलताहरू पहिचान गर्न र लोकतान्त्रिक स्थायित्व र जवाफदेहीलाई बढावा दिन आवश्यक छ । यिनै तथ्यहरूलाई मनन गर्दै गठबन्धन सरकार संस्कृति र अभ्यासका बारेमा गम्भीरतम बहस छेड्न जरूरी छ । नेपाली राजनीतिमा गठबन्धन बन्ने र भत्कने फेरि बन्ने कुराको अन्तर्यमा पुग्ने प्रयत्न पो गर्ने कि !

*(साभार: अनलाइनखबर)*

# पूर्वीय नमस्कार पद्धतिमा स्वास्थ्य विज्ञान

✍ **रोहिणीप्रसाद घिमिरे**

हात जोडेर नमस्कार गर्दा फदय, ध्वनि र हात एकैपटक प्रयोग हुन्छ । फदयबाट भाव प्रकट हुन्छ र मुखबाट नमस्कार ध्वनि निस्कन्छ । दुवै हातका पञ्जा जोडेर झुक्दा हात फदयसँगै टाँसिन्छ । यी सबै प्रक्रियाले नमस्कार प्रक्रिया पूर्ण हुन्छ । यस किसिमको नमस्कारलाई विश्वका अभिवादन प्रक्रियाहरुमध्ये उत्कृष्ट मानिएको छ । कोरोना प्रकोपको समयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत आगन्तुक पाहुनाहरुलाई हात जोडेर नमस्कार गरी पूर्वीय नमस्कार पद्धतिको महत्व झल्काएका थिए ।

**हात जोड्नु उत्कृष्ट अभिवादन :**

जे काम गर्दा पनि हात नै अगाडि सर्ने हुँदा हातमा भाइरस हुने सम्भावना अधिक हुन्छ । हात मिलाउँदा यसमा भएको भाइरस अर्को व्यक्तिमा सरी रोग निम्त्याउने हुन्छ । त्यसैले हात मिलाउने, आलिंगन गर्नेजस्ता कुराभन्दा दूरी कायम गरेर दुवैजनाले हात जोडी नमस्कार गर्नु उत्तम हुन्छ । अझ केही झुकेर गरिएको नमस्कारले झनै आदरभाव प्रकट गरेको हुन्छ ।

हाम्रो हातको हत्केलाले सम्पूर्ण जगत्को प्रतिनिधित्व गर्दछ भने पाँच औंलाले पृथ्वी, जल, तेज, वायु र आकाशको प्रतिनिधित्व गरेको हुन्छ । बूढी औंला आकाश, चोर औंला वायु, माझी औंला तेज, साहिँली औंला जल र कान्छी औंलाले पृथ्वी तत्वको प्रतिनिधित्व गरेका हुन्छन्। त्यसैले दुवै हातका औंला जोड्दा माथि बताइएका पञ्चमहाभूत एकै भएर विन्दुस्वरूपको आभास दिलाउँछ ।

यो सारा ब्रह्माण्ड नै विन्दुस्वरूप हो भन्नु नै अहं र घमण्ड नाश हुनु हो। त्यस्तै औंला भनेका दिमाग, आँखा र कानका दबाब विन्दु पनि हुन् । त्यसैले हात जोडेर झुक्दै नमस्कार गर्नु स्वास्थ्यका दृष्टिले उत्कृष्ट मानिन्छ ।

ठाडो पारामा वचनले मात्र 'गुड मर्निङ' भनेर कसैलाई अभिवादन गर्दा नमस्कार त हुन्छ, तर हात जेडेर गरिने नमस्कारजस्तो पूर्ण स्वरूप हुन सक्दैन । नमस्कार मन, वचन र शरीरका अंगले पनि गर्नुपर्छ । पूर्वीय दर्शन अनुसार नमस्कार गर्दा तीन थरीका अंग प्रयोग भएको हुन्छ । फदय, बोली (शब्द) र हात एकैपटक प्रयोग हुन्छ । फदयबाट भाव प्रकट हुन्छ । मुखबाट नमस्कार शब्द निस्कन्छ । दुवै हातका पञ्जा जोडेर फदयसँगै टाँसिन्छ । अझ नमस्कार गर्दा केही झुकिन्छ । यी सबै प्रक्रियाले नमस्कार प्रक्रिया पूर्ण हुन्छ । केही झुकेर नमस्कार भन्दै हात जोड्दा पूर्णरुमा अभिवादन हुने, बोल्दा निस्केको श्वास र थुक नमस्कार फर्काउने व्यक्तिसम्म नपुग्ने, हात मिलाउँदाको जस्तो कीटाणु सङ्क्रमणको डर पनि नहुने पूर्वीय नमस्कार पद्धति निकै वैज्ञानिक छ ।

**पश्चिमी जगत्मा समेत अनुशरण :**

कोभिड-१९ महामारीको समयमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत अवलम्बन गरेपछि यस किसिमको नमस्कारले बढी नै महत्व पायो। सन् २०२० मार्च १२ मा अमेरिकाको भ्रमणमा आएका आयरल्यान्डका प्रधानमन्त्री लियो भराड्करसँग भेट्दा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै हात जोडेर नमस्कार गरे । राष्ट्रपति ट्रम्पले कोरोना भाइरसको प्रकोप भएको समयमा यस किसिमको नमस्कार जरुरी भएको कुरा उनलाई बताएको समाचार पनि प्रकाशमा आएको थियो । यसअघि राष्ट्रपति ट्रम्प भारत भ्रमणमा आउँदा उनले यस किसिमको नमस्ते सिकेको कुरा पनि चर्चामा आएको थियो ।

कोराना महामारीको समयमा फ्रान्सका राष्ट्रपति इम्यानुल म्याक्रोले स्पेनका राजारानीलाई पनि यसै गरी हात जोडेर नमस्कार गरेका थिए। त्यस्तै इजरायली प्रधानमन्त्री नेतान्याहुले हात मिलाउनुको सट्टा अबदेखि नमस्कार गर्न आग्रह गरेका थिए ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पनि हात जोडेर नमस्कार गरेको तस्वीर भइरल भएको थियो । त्यस समयमा कोरोना भाइरस सर्न सक्ने भन्दै विश्व स्वास्थ्य संगठनले अभिवादनस्वरूप एक-अर्कामा हात मिलाउने कार्य रोक्न आग्रह नै गरेको थियो । यसको विकल्प भनेकै हात जोडेर नमस्कार गर्नु भएकाले पश्चिमा मुलुकमा पनि यसको अवलम्बन गरिएको हो ।

*(साभार: नेपाल समाचारपत्र)*

# विद्युत् निर्यातको बाटो खुल्यो, उत्पादनमा राज्यकै अवरोध

काठमाडौं/गत १९ पुसमा भएको नेपाल-भारत दीर्घकालीन विद्युत् व्यापार सम्झौता सन्धि भएको र त्यो संसद्‌बाट पारित हुनुपर्ने माग राख्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले सर्वोच्च अदालतमा रिट हालेका छन् । प्राथमिकतासहित अदालतमा बहस भइरहेकाले त्यसको परीक्षण अदालतले गर्ला नै ।

तर, त्यो सन्धि वा सम्झौता जे भए पनि यहीअन्तर्गत आगामी २५ वर्षसम्म नेपाल-भारत ऊर्जा व्यापार हुने भएकाले यो नेपालको दीर्घकालीन हितका लागि भने निकै नै महत्वपूर्ण छ ।

नेपालले १० हजार मेगावाट बिजुली प्रतियुनिट १० रुपैयाँका दरले बेच्न सके वार्षिक ८ खर्ब ७६ अर्ब रुपैयाँसम्म आम्दानी गर्न सक्छ । सम्झौतामा जे लेखिएको छ, त्यो भयो भने नेपालको जलविद्युत् क्षेत्रमा एक हिसाबले कायापलट नै हुनेछ । तर, नेपाल सरकार तथा विद्युत् उत्पादन र व्यापार गर्ने निकायहरूकै कारण त्यो बाटोमा काँडेतार लागेको छ ।

नेपालमा उत्पादन भएको विद्युत् बिक्रीको सजिलो र सम्भाव्य बजार भारत नै भएकाले करिब तीन दशकअघि नै भारतसँग विद्युत् व्यापार सम्झौता गरिएको थियो, जुन कार्यान्वयन भएन ।

सन् १९९७ मा नेपालमा जलस्रोत राज्यमन्त्री राजीव पराजुली र सचिव डा. द्वारिकानाथ ढुंगेल हुँदा नेपाल र भारतबीच पहिलोपटक विद्युत् व्यापार सम्झौता भएको थियो ।

उक्त सम्झौतामा नेपाल र भारतका सरकारी तथा निजी कम्पनीले बजार भाउअनुसार ऊर्जाको स्वतन्त्र रूपमा व्यापार गर्न सक्ने उल्लेख थियो । त्यस्तै नेपाल र भारत दुवै अन्य देशसँग ऊर्जा व्यापार गर्न स्वतन्त्र हुने पनि सम्झौतामा उल्लेख थियो ।

सम्झौतामा सुरुमा जलस्रोत सचिव स्तर र पछि राज्यमन्त्री स्तरमा हस्ताक्षर भयो । तत्कालीन परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी भारत भ्रमणमा रहेको बेला मन्त्रीस्तरमा समेत सम्झौतामा हस्ताक्षर हुने भनिएको थियो ।

तर, नेपालमा प्रतिपक्षी दलको सहमति लिन भनेर सही नगरी फर्किए । त्यो सम्झौतालाई दुवै देशका संसद्ले पनि अनुमोदन गरेनन् र कार्यान्वयनमा आएन ।

त्यो सम्झौता कार्यान्वयन भएको भए भारतको बजार नेपालको बिजुलीका लागि त्यही बेला सुनिश्चित हुने थियो । र, जसले नेपालको विद्युत् विकासको मानचित्र नै बदलिदिन सक्थ्यो । तर, त्यसपछि नेपाल भारतबीच विद्युत् व्यापारको खोलो उल्टो बग्न थाल्यो ।

भारतको आयात नीति (२००४-२००९) ले विद्युतलाई आयात गर्न नमिल्ने वस्तुको सूचीमा राख्यो । यसले भारत विद्युत् निर्यात गर्ने नेपालको चाहनामाथि तुषारापात भयो । त्यसबीच नेपालमा विद्युतको चरम अभाव भएकाले भारतबाट विद्युत् आयात भइरहेको थियो, तर निर्यात भने हुन सकेन ।

त्यसपछि एकैपटक ४ कात्तिक २०७१ (सन् २०१४) मा नेपाल र भारतबीच विद्युत् व्यापार सम्झौता (पीटीए) भयो । त्यसबेला 'भारतसँग पीटीए गर्नुहुँदैन, त्यसो भयो भने नेपालको विद्युतमा भारतको एकाधिकार हुन्छ' भनेर धेरै नै ठूलो विरोध भएको थियो ।

विरोधबीच पीटीए भयो र त्यो नेपालकै हितमा रहेको प्रमाणित भयो । त्यसैका जगमा सात वर्षपछि भए पनि २०७८ सालबाट नेपालले भारतमा विद्युत् निर्यात गर्न थाल्यो ।

पीटीए भएपछि भारतमा विद्युत् निर्यात थाल्न जति सजिलो सोचिएको थियो, त्यो भएन । भारतले २०१६ मा अन्तरदेशीय विद्युत् व्यापार निर्देशिकामा संशोधन गर्‍यो, जसमा भारतीय सरकारी कम्पनी वा ५१ प्रतिशत भारतीयको स्वामित्व भएको निजी कम्पनीले मात्रै भारत विद्युत् निर्यात गर्न पाउने व्यवस्था गरियो, जुन नेपालसँगको पीटीए विपरीत थियो ।

नेपालको निरन्तरको कुटनीतिक पहलपछि भारतले त्यसमा संशोधन गर्दै विदेशका कुनै सरकारी वा कुनै अनुमति प्राप्त निकायले एकापसमा सम्झौता गरेर खुलारूपमा विद्युत् व्यापार गर्न सक्ने व्यवस्था गरियो । तर, त्यसरी विद्युत् किन्न चाहने कम्पनीले भारत सरकारको अनुमति लिनुपर्ने व्यवस्था छ ।

त्यसपछि १५ कात्तिक २०७८ मा भारतीय बजारमा प्रतिस्पर्धी दरमा विद्युत् बिक्रीको अनुमति प्राप्त भयो । सुरुमा ३९ मेगावाट विद्युत् निर्यात अनुमति पाएकोमा अहिले त्यो करिब ७ सय मेगावाट पुगिसकेको छ ।

यसअघि नेपाल विद्युत् प्राधिकरणले भारतबाट विद्युत् आयात मात्रै गर्दै आएकोमा अहिले विद्युत् निर्यातबाट यो वर्ष ६ महिनामा १५ अर्ब आम्दानी गर्न सफल भएको छ ।

यसअघि भएको पीटीएले लगानीकर्तालाई मनोवैज्ञानिक ढाडस पनि दिएको थियो । किनभने, भारतसँग पीटीए भएपछि नेपालमा जलविद्युत् उत्पादन गति तीव्र बनेको देखिन्छ । २०७२ सालमा नेपालमा जलविद्युत्, थर्मल र सोलारसहित कुल जडित क्षमता ७ सय ८७ मेगावाट रहेकोमा ८ वर्षपछि त्यो चार गुणा बढेर २ हजार ९ सय मेगावाट पुगिसकेको छ । यही आर्थिक वर्षमा करिब ६ सय मेगावाट उत्पादन भएको छ ।

यस सन्दर्भमा नेपालको विद्युतको दीर्घकालीन बजार सुनिश्चितताका लागि भारतसँग ठोस र कार्यान्वयन योग्य विद्युत् व्यापार सम्झौता (पीपीए) गर्नु आवश्यक थियो । त्यो सम्झौता भएको छ, तर सम्झौताले मात्रै नेपाली विद्युतको बजार सुनिश्चित गर्छ त ?

**त्यो सम्झौतामा भएका बुँदाहरूको कसीमा हेरौं ।**

नेपाल भारतबीच दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा कुल १० दफा छन् । त्यसमध्ये पहिलो दफामा दुवै देशले दीर्घकालीन विद्युत् व्यापारमा प्रोत्साहन दिने, दुई देशबीच क्रसबोर्डर प्रसारण लाइन प्रयोग गरेर क्षेत्रीय विद्युत् व्यापार अघि बढाउने, नेपालको विद्युत् क्षेत्रमा नेपाली र भारतीय लगानीलाई प्रोत्साहन गर्ने तथा क्रसबोर्डर पूर्वाधारलाई तीव्रता दिने उल्लेख छ ।

यो दफाले दुई देशको ट्रान्समिसन लाइनमार्फत क्षेत्रीय विद्युत् व्यापार विषय समेटेको छ । नेपालले बंगलादेश विद्युत् निर्यात गर्न खोजिरहेको सन्दर्भमा त्यसका लागि यसले आधार तय गरेको छ ।

सम्झौताको दफा ३ मा दुवै देशका विद्युत् व्यापार गर्ने सम्बन्धित निकायले विद्युत खरिद तथा बिक्री सम्झौता गरेर आयात-निर्यात गर्नुपर्ने तथा दर विद्यमान नियामकीय ढाँचाभित्र तय हुने उल्लेख छ । यसका साथै, त्यस्तो सम्झौता मध्यम र दीर्घकालीन अवधिको हुन सक्ने तर स्वीकृत विद्युत् आयोजनाको विद्युत् खरिदका लागि मात्रै लागु हुने उल्लेख छ ।

यो दफाले दुइटा विषयमा ध्यान दिनुपर्ने देखाएको छ । कुनै नेपाली कम्पनीले भारतीय कम्पनीसँग विद्युत् खरिद-बिक्री सम्झौता गरी त्यो त्यहाँको सरकारले स्वीकृत गरेपछि निर्यात सुरु गर्न त सक्छ । अहिले चिनियाँ लगानीकर्ताले निर्माण गरेका मात्रै होइन, चीनका ठेकेदार निर्माणमा संलग्न भएका आयोजनाको बिजुलीसमेत भारतले किन्न मानेको छैन ।

विद्युत् प्राधिकरणकै लगानीमा बनेको माथिल्लो तामाकोसी परियोजना यसको उदाहरण हो । नेपालले नै बनाएका यस्ता आयोजनाको बिजुली किन्ने सन्दर्भमा भारतको व्यवहार भोलिका दिनमा कस्तो हुन्छ, त्यसमा विशेष ध्यान दिनुपर्छ ।

दोस्रो, भारतको दीर्घकालीन बजारमा नेपालको विद्युतले मूल्यमा प्रतिस्पर्धा गर्न सक्छ त ?

गत असारमा प्राधिकरण र भारतको एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) बीच विद्युत् निर्यातका लागि पाँच वर्षे सम्झौता भएको छ । नेपालले ५ रुपैयाँ २५ पैसा भारु (८ रुपैयाँ ४० पैसा) प्रतियुनिटका दरले २ सय मेगावाट विद्युत् पाँच वर्षसम्म निर्यात गर्न पाउने छ ।

यो दर विद्युत् प्राधिकरणले नेपाली ग्राहकलाई बेचिरहेको विद्युत् दरभन्दा कम हो । अर्कोतिर, भारतमा जलविद्युत् उत्पादन लागत कम छ । भारतमा २.४० भारुदेखि ४ भारु प्रतियुनिटसम्म जलविद्युतको मूल्य पर्छ । त्यसो हुँदा दीर्घकालमा नेपाली जलविद्युतले भारतमा प्रतिस्पर्धा गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न विद्यमान नै छ ।

किनभने, अहिले विद्युत् प्राधिकरणले बर्खाका बेला खेर जाने विद्युत् मात्रै निर्यात गरिरहेको छ । विद्युत् खेर जान दिनुभन्दा जति मूल्य आउँछ, त्यतिमै बेच्दा पनि फाइदा नै भयो । तर, हिउँद-बर्खामा नियमित भारत विद्युत् निर्यात गर्दा नेपालले पाउने मूल्य फाइदाजनक हुन्छ कि हुँदैन त्यो महत्वपूर्ण छ ।

भारतमा ऊर्जा अभाव छ, नेपालले जति मूल्यमा पनि बेच्न सकिहाल्छ भन्ने होइन । गत असार मा भारतीय ऊर्जामन्त्री आरके सिंहले भारत ऊर्जाको खुद निर्यातक मुलुक बनेको घोषणा गरेका थिए ।

भारतले ४ लाख १८ हजार मेगावाट विद्युत् उत्पादन गरि रहेको छ र जलविद्युत् मात्रै ४७ हजार मेगावाट उत्पादन छ । अबको आठ वर्षभित्र भारतले ९ लाख मेगावाट विद्युत् उत्पादन क्षमता पुर्‍याउने लक्ष्य राखेको छ । त्यसमध्ये करीब ६ लाख मेगावाट नवीकरणीय ऊर्जा उत्पादनको लक्ष्य भारतको छ ।

त्यसो हुँदा नेपालको विद्युत् उसका लागि सानो परिणाम मात्रै हो । यस्तो अवस्थामा १० वर्षभित्रमा १० हजार मेगावाट विद्युत् आयात गर्ने प्रतिबद्धता भारतले गरेको छ, त्यसलाई सकारात्मक लिनुपर्छ । तर, भारत नेपालको विद्युतका भरमा भने बस्ने छैन भन्ने कुरालाई विशेष ध्यान दिनुपर्छ ।

सम्झौताको दफा ५ मा नेपाल र भारतले नेपालबाट १० वर्षको अवधिमा निर्यात हुने विद्युत् मात्रा १० हजार मेगावाट पुर्‍याउन पहल गर्ने भन्ने उल्लेख छ । त्यसका लागि नेपालमा विद्युत् उत्पादन तथा प्रसारणमा दुवै देशलाई लाभ हुने खालको लगानी प्रवर्द्धन गर्न सबै किसिमका उपाय अवलम्बन गर्ने सम्झौतामा उल्लेख छ ।

जुनसुकै बेला विद्युत् निर्यात मात्रा बढाउनुपर्ने वा यही १० हजार मेगावाट निर्यातकै अवधि बढाउनुपर्ने भयो भने त्यसबारे दुई देशबीचको स्थायी संयन्त्र संयुक्त स्टेरिङ तथा वर्किङ ग्रुपमा छलफल गरिने पनि उल्लेख छ । नेपालले यसबीचमा १० हजार मेगावाटभन्दा पनि धेरै विद्युत् उत्पादन गर्‍यो भने पनि निर्यातमा ठूलो चिन्ता लिनुपर्ने अवस्था देखिन्न ।

नेपालमा भारतीय सरकारी तथा निजी कम्पनीको लगानीका ८ हजार २ सय ५० मेगावाटका आयोजना निर्माण चरणमा छन् । तिनै परियोजना विद्युत् बिक्रीका लागि यो सम्झौता गरेको भन्ने तर्क कतिपयले गरेका छन् । तर, ती परियोजनाको विद्युत् भारत निर्यात गर्न यो सम्झौता आवश्यक छैन ।

आफ्ना मुलुकका लगानीकर्ताको लगानी भएको विद्युत् भारतले सिधै खरिद गर्न सक्छ, यसलाई २०१४ मै भएको ऊर्जा व्यापार सम्झौताले सुनिश्चित गरेको छ ।

नेपाल र अन्य विदेशी लगानीर्ताको लगानीमा उत्पादन भएको विद्युत् बजार सुनिश्चित गर्न भारतसँग दीर्घकालीन पीपीए चाहिएको हो । र, यो नेपालले चाहेको र भारतले सकेसम्म गर्न नचाहेको सम्झौता हो । किनभने, दीर्घकालीन पीपीए नभएको अवस्थामा कुनै पनि ठूलो लगानीकर्ताले लगानी गर्दैन ।

तर, सम्झौता हुनेबित्तिकै धमाधम विद्युत् निर्यात भइहाल्ने होइन, त्यसका लागि निर्यात गर्न सकिने विद्युत् नेपालसँग हुनुपर्‍यो । अहिले बर्खामा करिब ७ सय मेगावाट निर्यात गर्न सक्ने क्षमता छ । हिउँदमा त उल्टै भारतबाट आयात गर्नुपर्छ ।

तर, नेपालमा विद्युत् उत्पादनमा अवरोध गर्ने नेपाल सरकार स्वयम् र यसका निकाय हुन् । नेपालमा विद्युत् खरिद तथा बिक्री गर्ने मात्रै होइन, निर्यात गर्ने समेत एकाधिकार पाएको निकाय नेपाल विद्युत् प्राधिकरण हो ।

विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) नगरीकन कुनै पनि विद्युत् आयोजना नेपालमा निर्माण हुन सक्दैन । तर, प्राधिकरणले वर्षौंदेखि आयोजनाहरूको पीपीए बन्द गरेको छ । गत वर्ष १ हजार ५ सय मेगावाटका पुराना आयोजनालाई क्युबाट हटाएर त्यहाँ उसले केही नयाँ आयोजना थपेको थियो । गत २ फागुनमा १० मेगावाटभन्दा कम क्षमताका आयोजना क्युमा नभए पनि पीपीए गर्ने निर्णय प्राधिकरणको बोर्डले गरेको छ ।

१० हजार मेगावाट निर्यातको सपना देख्ने अनि १० मेगावाटका आयोजनाको पीपीए मात्रै खोल्ने अचम्म तरक्की विद्युत् प्राधिकरणले गरेको छ ।

'भारतमा बजार त सुनिश्चित भयो, तर निर्यात गर्न उत्पादन त हुनुपर्‍यो नि,' स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान) अध्यक्ष गणेश कार्कीले भने, 'त्यसका लागि सबैभन्दा पहिला पीपीए खोल्नुपर्‍यो ।' पीपीए नभएका आयोजनालाई बैंकले लगानी नै गर्दैनन् । त्यस्तै विदेशी लगानी ल्याउन पनि पीपीए पूर्वसर्त नै हो । 'निर्यात गर्ने भन्ने, पीपीए नखोल्ने नीतिमा नै विरोधाभास भयो,' उनले भने ।

अहिले पीपीएको पर्खाइमा २० हजार मेगावाटका विद्युत् आयोजना रहेको कार्कीले जानकारी दिए । 'सरकारले देशभित्रै १३ हजार मेगावाट खपत गर्ने भनेको छ, त्यसमा लागि पनि पीपीए खोल्नुपर्‍यो नि त ?,' उनले भने ।

ती २० हजार मेगावाटका आयोजनामध्ये विद्युत् विकास विभागबाट ९ हजार मेगावाटका आयोजनाको निर्माणको लाइसेन्स जारी भइसकेको छ । ती आयोजनाको पीपीए भइसकेको ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंह बताउँछन् । थप ११ हजार मेगावाटका परियोजनाले निर्माण अनुमतिका लागि निवेदन दिएका छन् ।

ऊर्जा उत्पादन, प्रसारण लगायत पूर्वाधारमा दुई देशको लगानी बढाउने भन्ने सम्झौतामा नै उल्लेख भएकाले त्यसले नेपालको विद्युत क्षेत्रको विकासमा दीर्घकालीन रूपमा निकै राम्रो प्रभाव पार्ने ऊर्जा मन्त्रालयका अधिकारी बताउँछन् ।

'मन्त्रालयले २०३५ सम्म नेपालको ऊर्जा क्षेत्रको बाटो तय गर्ने गरी कार्ययोजनाको तयारी गरि रहेको छ,' प्रवक्ता सिंहले भने ।

हाल नेपाल र भारतबीच ४०० केभी क्षमताको एउटा मात्रै ढल्केबर-मुजफ्फरपुर ट्रान्समिसन लाइन छ । यसबाट १ हजार मेगावाट विद्युत् निर्यात गर्न सकिन्छ । त्यसो हुँदा ट्रान्समिसन लाइन विद्युत् निर्यातको अवरोधक बन्न सक्ने सम्भावना कायमै छ ।

तर, अहिले पाइपलाइनमा रहेका परियोजना समयमै सम्पन्न भए भने त्यो समस्या हुने छैन । न्यु बुटवल-गोरखपुर ४ सय केभी डबल सर्किट प्रसारण लाइन एमसीसीको अनुदानमा बन्दै छ ।

यो परियोजना शीघ्र सम्पन्न होस् भन्ने हेतुले त्यसलाई फास्ट ट्र्याकमा कार्यान्वयन गर्ने निर्णय एमसीए नेपालको बोर्ड बैठकले गरेको छ । यो परियोजनाबाट थप २ हजार मेगावाट विद्युत् निर्यात गर्न सकिन्छ ।

त्यस्तै अरुण तेस्रो परियोजनाको विद्युत् निर्यातका लागि ढल्केबर-सीतामडी ४ सय केभीए डबल सर्किट प्रसारण लाइन तीन-चार महिनामै चार्ज हुन लागेको जानकारी ऊर्जा मन्त्रालयका प्रवक्ता सिंहले दिए ।

अरुण तेस्रो परियोजनाको निर्माण कम्पनी एसजेभीएनले तल्लो अरुण र अरुण चार परियोजना समेतलाई धान्ने गरी त्यो प्रसारण लाइन बनाएको छ ।

त्यसबाट पनि २ हजार मेगावाट निर्यात गर्न सकिन्छ । ती दुई परियोजना सम्पन्न हुने केही समय लाग्ने भएकाले त्यस अवधिका लागि नेपालले विद्युत् निर्यातका लागि प्रयोग गर्न सक्ने छ । यसका अतिरिक्त इनरुवा- पूर्णिया ४ सय केभी, दोधारा-बरेली ४ सय केभी प्रसारण लाइन पनि २०२८/२९ मा सम्पन्न हुने गरी काम भइरहेको प्राधिकरणले जनाएको छ ।

यी परियोजना समयमा सम्पन्न भए भने प्रसारण लाइन अभावमा विद्युत् निर्यात रोकिँदैन । तर, प्राधिकरणले प्रसारण लाइनको काम समयमा सम्पन्न गरेका उदाहरण विरलै पाइन्छन् । दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा उल्लेख भएबमोजिम भारतीय कम्पनीहरूले नै नेपालमा प्रसारणलाइन परियोजनामा लगानीको इच्छासमेत व्यक्त गरेका छन् ।


**नेपालकै कानुनले निजी क्षेत्रलाई अवरोध**

भारतसँगको दीर्घकालीन पीपीए अनुसार निजी क्षेत्रले पनि भारतमा विद्युत् बिक्री गर्न सक्छन् । तर, लगानीकर्ता नेपाली वा भारतीय हुनुपर्छ । यसले चिनियाँ लगानीकर्तालाई भने निरुत्साहित गर्छ ।

सम्झौता अनुसार नेपालका निजी कम्पनी आफैंले भारतमा विद्युत् निर्यात गर्न पाउनेछन् । तर, नेपालकै विद्युत् ऐनले भने निजी क्षेत्रलाई विद्युत् व्यापार र निर्यात गर्न प्रतिबन्ध लगाएको छ । त्यसो हुँदा नयाँ विद्युत् ऐनमार्फत त्यसमा परिमार्जन हुनु आवश्यक देखिएको अध्यक्ष कार्की बताउँछन् ।

निजी क्षेत्रले विद्युत् प्राधिकरणको प्रसारणलाइन प्रयोग गरेर विद्युत् निर्यात गर्न सक्ने वातावरण बनाउन ह्विलिङ चार्ज तोकिनुपर्छ । यो तोक्ने जिम्मेवारी कानुनले विद्युत् नियमन आयोगलाई दिएको छ । तर, आयोगले हालसम्म पनि ह्विलिङ चार्ज तोकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*




# मकवानपुरे झरनाको लमजुङमा काव्य गोष्ठी



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ मकवानपुरको झरना साहित्यिक परिवारले लमजुङ जिल्लामा काव्य गोष्ठी गरेको छ । लमजुङ जिल्लाको लिस्नो साहित्यिक मञ्च र मकवानपुरको झरना साहित्यिक परिवारले लमजुङको बेसीसहरमा संयुक्त काव्य गोष्ठी गरेका हुन् ।

झरना साहित्यिक परिवार मकवानपुरको ३०१ औं साहित्य श्रृंखलाअन्तर्गत काव्य गोष्ठी गरिएको संस्थाका सचिव मसान उपासकले जानकारी दिए । कार्यक्रममा मकवानपुरबाट झरनाका संरक्षकद्वय रमेशमोहन अधिकारी र जनार्दन खनाल, सल्लाहकार लक्ष्मी जिम्बा, कविहरु सीता खनाल, सुवास खनाल, लोकगायिका मञ्जु दाहाल, पत्रकार महेन्द्र ओझा, इन्दिरा पाण्डेलगायतको उपस्थिति रहेको थियो ।

यसैगरी लमजुङबाट साहित्यकारहरु बासुदेव सेढाई, बेनबहादुर सुयाल, बसन्त अधिकारी, राजु थापा, देवीदास बराल, कमला केसी, बालचन्द्र सुवेदी, तीर्थ गुरुङ, सूर्यकला थापा र कमला दनाईको उपस्थिति रहेको थियो । यस्तै कार्यसमितिका अध्यक्ष विश्वनाथ सञ्जेल, उपाध्यक्ष चिरञ्जीवि लामिछाने र गायत्री रुपाखेती, सचिव मसान उपासक, कोषाध्यक्ष कृष्ण घतानीको उपस्थिति रहेको थियो ।

झरना मकवानपुरको आयोजनामा फागुन २६, २७ र २८ गते भएको तीनदिने साहित्यिक भ्रमणका क्रममा लमजुङको घलेगाउँ, भुजुङ र तनहुँका बन्दीपुरलगायत क्षेत्रमा साहित्यिक संघसंस्थाले गरिरहेका गतिविधि, त्यहाँका लेखन परम्परा र सांस्कृतिक क्षेत्रका बारेमा अध्ययन अवलोकन गरिएको संथाका अध्यक्ष सञ्जेलले जानकारी दिए । संस्थाले हरेक बर्ष फरक-फरक क्षेत्रमा साहित्यिक भ्रमण गर्दै आएको छ ।

# दीर्घकालीन असर पर्ने निर्णय नगर्न कांग्रेसको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ बागमती प्रदेशमा नेपाली कांग्रेसले सरकार गठनको विषयमा पर्ख र हेरको नीति अवलम्बन गर्ने भएको छ । कांग्रेसले तत्काल आफ्नो नेतृत्वमा सरकार गठन गर्न पहल नगर्ने भएको छ ।

मंगलबार संसदीय दलको बैठकले गरेका निर्णय सार्वजनिक गर्न आयोजना गरेको पत्रकार सम्मेलनमा दलका उपनेता रामकृष्ण चित्रकारले नयाँ सरकार गठनको लागि कांग्रेसले अहिलेसम्म कुनै छलफल नै नगरेको बताए । उनले मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले राजीनामा नदिएको र विश्वासको मत लिने तयारी गरिरहेको अवस्थामा कांग्रेसले सरकार बनाउने तयारी गर्दा हतारो हुने जिकिर गरे ।



कांग्रेसले आफ्नो नेतृत्वमा सरकार गठन गर्न हाम्रो नेपाली पार्टीलाई २ वटा मन्त्रालयको प्रस्ताव गरेको भन्ने समाचारमा कुनै सत्यता नभएको समेत उपनेता चित्रकारले स्पष्ट पारे । यसैगरी नेपाली कांग्रेसले प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न र संवैधानिक निकायमा नियुक्त नगर्न समेत आग्रह गरेको छ । कांग्रेसले अब सदनमा प्रमुख प्रतिपक्षी दलको भूमिकामा प्रभावकारी रुपमा प्रस्तुत हुने र कांग्रेसका मन्त्रीहरुले सरकारबाट दिएको राजीनमा अनुमोदन गर्ने निर्णय गरेको उपनेता चित्रकारले जानकारी दिए ।

# म हिरोइनमा सीमित हुन चाहन्नँ : वर्षा राउत

काठमाडौं/एउटा उमेर सम्म अभिनेत्रीहरु फिल्ममा श्रीमति वा आमाको भूमिका निभाउन हम्मेसी तयार हुँदैनन् । त्यसले करिअरमा प्रभाव पर्ने धेरैको बुझाई छ । जसले गर्दा प्राय:को रोजाई रोमान्टिक भूमिका नै हुने गर्छ । तर, अभिनेत्री वर्षा राउतले 'जात्रा' श्रृंखलामा श्रीमति र आमाको भूमिका निभाउँदै आइरहेकी छन् । यतिबेला छायांकनरत फिल्म 'मेयर'मा पनि उनी श्रीमतीको भूमिकामा देखिँदैछिन् ।

उनको बुझाईमा कलाकार भएपछि एउटै चरित्रमा सीमित हुनुहुँदैन । उनलाई पनि हिरोइनमा मात्र सीमित हुनु छैन । त्यसैले श्रीमती र आमाको भूमिका गर्न समस्या नभएको उनको भनाई छ । 'म फरक भूमिकामा प्रस्तुत हुने सोचसहित फिल्ममा आएकी थिएँ । म हिरोइनमै सीमित नभई कलाकार बन्ने सोच बोकेर आएको हुँदा मलाई ती भूमिका गर्न हुँदैन भन्ने नै कहिल्यै लागेन,' उनी भन्छिन् ।

कुनै पनि कलाकारलाई 'टाइप कास्ट' हुन मन नहुने उनको बुझाई छ । प्रस्ताव आएकामध्ये राम्रो लाग्ने भूमिका छनोट गर्नुपर्छ भन्ने उनलाई लाग्छ । 'केही समय फिल्ममा देखिएन भने फलानो हरायो भनिन्छ । त्यसैले आफूलाई पर्दामा ल्याइराख्नु पर्ने दबाबसँगै फरक गर्नुपर्ने चुनौती पनि हामीलाई हुन्छ,' राउत थप्छिन्, 'मैले पछिल्लो भूमिकाभन्दा फरक होस् भनेर प्रयास गरिराखेको हुन्छु ।'

'जात्रा' श्रृंखलामा वर्षा सम्पदाको भूमिकामा छिन् । उनको बुझाईमा सम्पदा असल र इमान्दार महिला हो । आगामी चैत ९ गतेदेखि प्रदर्शनमा आउन लागेको 'महाजात्रा'मा




आफू सैर्षशील गृहणी बनेको उनको भनाई छ । उनी भन्छिन्, 'परिवारमा छोरी थपिएसँगै अरुको घरमा गएर काम गर्ने र आम्दानी बढाउन मिहिनेत गर्ने गृहणी बनेकी छु । परिवारको लागि सैर्ष गर्ने महिला हो सम्पदा ।'

'महाजात्रा' पारिवारिक र सामाजिक फिल्म रहेको वर्षाको तर्क छ । समाज, देश र परिवारमा भइरहेको घटनालाई रमाइलो शैलीमा प्रस्तुत गरिएको उनी बताउँछिन् । 'यसमा परिवार, मित्रता र समाजको जात्रा छ ।

भिन्न तीन पृष्ठभूमिका पात्रहरुले सिङ्गो नेपालको प्रतिनिधित्व गर्छ । यो स-परिवार हेर्नुपर्ने फिल्म हो,' वर्षा भन्छिन् । 'जात्रा' श्रृंखलामा उनको जोडी विपिन कार्कीसँग बाँधिएको छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अडान बागमतीको छैठौं परिषद्मा ३१ लेखापरीक्षक सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ नेपाल अडिटर्स एशोसिएसन (अडान ) बागमती प्रदेशको छैठौं प्रदेश परिषद् मंगलबार हेटौंडामा सम्पन्न भएको छ । बागमती प्रदेश राजधानी हेटौंडामा नेपाल अडिटर्स एशोसिएसन (अडान )का केन्द्रीय अध्यक्ष केदार नाथ पौडेलको प्रमुख आतिथ्यतामा प्रदेश परिषद् सम्पन्न भएको हो ।

अडान बागमती प्रदेश अध्यक्ष रामकुमार बतौंलाको सभाध्यक्षतामा भएको परिषद्मा ७० वर्ष भन्दा माथि उमेरका २६ जना जेष्ठ र विभिन्न विधामा ५ जना सहित ३१ जना लेखापरीक्षकलाई सम्मान गरिएको थियो । विधातर्फ तत्कालीन अडान मध्यमाञ्चल समितिका संस्थापक अध्यक्ष राजेन्द्र ढुंगाना, तत्कालीन अडान मध्यमाञ्चलका निवर्तमान अध्यक्ष केशवप्रसाद पौडेल, अडान बागमती प्रदेशका सल्लाहकार समितिका संयोजक रोहितकुमार झा, सल्लाहकार समितिका सदस्य सकुलकुमार श्रेष्ठ र अडान बागमती प्रदेशका निवर्तमान उपाध्यक्ष देवीप्रसाद डल्लाकोटी सम्मानित भएका हुन् ।

सम्मानित हुने ३१ जनालाई प्रमुख अतिथि पौडेल लगायतका अथितिद्वारा दोसल्ला सम्मानपत्र प्रदान गरिएको थियो । परिषदमा विशिष्ट अतिथि अडान केन्द्रीय निवर्तमान अध्यक्ष तथा सल्लाहकार समिति संयोजक मोहनराज रेग्मी, बरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद भट्टराई, अडान केन्द्रीय विशेषज्ञ समितिका संयोजक सूर्यप्रसाद अधिकारी, अतिथि अडान केन्द्रीय उपाध्यक्ष रामजी अधिकारी, आईक्यान पार्षद् माधवप्रसाद पराजुली, आइक्यान पार्षद् केशबहादुर केसी, केन्द्रीय उपमहासचिव राजेन्द्रप्रसाद ढुङगाना, केन्द्रीय सदस्य प्रकाश ढकाल लगायतको उपस्थिति रहेको थियो ।

# नेशनलले जित्यो अष्टकुमारी स्मृति क्रिकेटको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ हेटौंडामा भएको अन्तरकलेज क्रिकेट प्रतियोगिताको उपाधि नेशनल इन्फोटेक कलेज वीरगञ्ज, पर्साले जितेको छ ।

हेटौंडा जेसीजको आयोजनामा हेटौंडा-४ स्थित हुप्रचौरमा सम्पन्न फाइनलमा हेटौंडा स्कुल अफ म्यानेजेमेन्टलाई ४ विकेटले पराजित गर्दै वीरगञ्जले अष्टकुमारी स्मृति टी-२० क्रिकेट प्रतियोगिताको विजेता बनेको हो । हुप्रचौरमा मंगलबार भएको खेलमा टस जितेर ब्याटिङ रोजेको हेटौंडा स्कूल अफ म्यानेजमेन्टले २० ओभरमा ६ विकेटको नोक्सानीमा १२० रन बनायो । बीरगञ्जले १९ दशमलव १ ओभरमा ६ विकेट गुमाएर म्यानेजमेन्टनको लक्ष्य भेटाएको थियो ।

उपाधिसँगै प्रतियोगिताको विजेताले नगद ५० र उपविजेताले २५ हजार रुपैयाँ नगद हात पारेको छ । बीरगञ्जका मन्थन यादव प्रतियोगिताका म्यान अफ द सिरिज, हेटौंडा स्कूल अफ म्यानेजमेन्टका युविन बुढाथोकी बेष्ट ब्याट्सम्यान, नारायणी कलेज हेटौंडाका बलर अस्मितकुमार मण्डल उत्कृष्ट बलर घोषित भए । विजेता तथा उपविजेता, सर्वोत्कृष्ट खेलाडी, बलर तथा ब्याटरलालाई आयोजक हेटौंडा जेसीजका अध्यक्ष विकेशलाल श्रेष्ठ एवम् हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा हेटौंडा, चितवन, बारा र पर्साका गरी ६ टोलीको सहभागिता रहेको थियो । कार्यक्रम संयोजक सुमान अर्यालका अनुसार प्रतियोगितामा करिब ५ लाख रुपैयाँ खर्च भएको छ । उनले आगामी वर्षबाट प्रतियोगितालाई अझै उत्कृष्ट र सहभागी टिमको संख्या बढाउँदै लैजाने योजना रहेको बताए ।

# नेवारपानीबाट ८४ किलो गाँजासहित युवक पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ लागूऔषध गाँजा ओसारपसार गरेको आरोपमा मंगलवार एक जना युवकलाई इलाका प्रहरी कार्यालय नेवारपानी, हेटौंडा-१९ ले पक्राउ गरेको छ ।

८४ किलो १२० ग्राम गाँजासहित बाराको जीतपुरसिमरा उपमहानगरपालिका-७ का १९ बर्षीय साविर अन्सारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरीनायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

हेटौंडा-१९ नेवार पानीस्थित पूर्वपश्चिम राजमार्ग सडकखण्डको किनारमा भारतीय नं. बीआर ०१ बीएफ ६६८१ नम्बरको कार चालक अन्सारीलाई शंका लागी जाँच गर्दा कारको सिटको भागमा फल्स बटम बनाई लुकाईछिपाई गरी ल्याएको अवस्थामा लागूऔषध बरामद भएको हो । पक्राउ परेका अन्सारीलाई मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी, मकवानपुर प्रहरीले मंगलवार लागूऔषध चरेसहित भैंसेबाट एक जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भीमफेदीले १५ किलो १२० ग्राम लागूऔषध चरेशसहित धादिङ गजुरी गाउँपालिका वडा नं.८ बस्ने ३१ वर्षीय प्रशान्त तामाङलाई पक्राउ गरेको छ ।

भीमफेदी-२, भैंसे चेकपोष्टमा सवारीसाधन चेकजाँच गर्ने क्रममा पालुङबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०२० प ८८३३ नं. को मोटरसाइकल चालक तामाङलाई शंका लागी खानतलासी गर्दा झोलाभित्र लुकाई ल्याएको लागूऔषध चरेश बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरीनायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

# जिल्ला दुग्ध उत्पादक संघको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको ३० औं वार्षिक साधारणसभा मंगलबार सम्पन्न भएको छ । संघका अध्यक्ष हरिप्रसाद कँडेलको सभाध्यक्षतामा सम्पन्न साधारणसभामा प्रमुख अतिथि बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष तथा संघका सल्लाहकार नारायणप्रसाद देवकोटाले सभाको उद्घाटन गरेका थिए ।

कार्यक्रममा सहकारीको वार्षिक प्रगतिविवरण प्रस्तुत गर्दै अध्यक्ष कँडेलले नियमित दुध बिक्री नहुनु र दुधको भुक्तानी समयमा नआउनु आजको प्रमुख समस्या रहेको बताए । जसका लागि राज्यले भारतीय बजारबाट अबैधरुपमा आएका दुग्धजन्यपदार्थ रोक्नुपर्ने, किसान र सहकारीलाई आवश्यक्ताको आधारमा अनुदान दिन पहल गर्नुपर्ने, किसानका समस्या पहिचान र भुक्तानी समयमै दिनमा राज्य लाग्नुपर्ने जस्ता विषयमा संघले सरोकारवालासँग आवश्यक पहल गर्ने उनले प्रतिवद्धता व्यक्त गरे ।


आर्थिक वर्ष २०७९/८० मा संघले पशुबीमाको लागि कम्पनी र संस्थाहरुबीच सहजीकरण गरिएको, कार्यालयको भौतिक सुधार गरी व्यवस्थापन गरिएको, संस्थाहरुबाट संकलित कच्चा दुग्ध बिक्री वितरणको लागि उद्योगसँग सहजिकरण गरिएको लगायतका काम भएको उनले जानकारी दिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा संघले दुग्धविदा नहुने गरी सदस्य सस्थाबाट उत्पादित दुग्ध बिक्री वितरण गर्ने व्यवस्था मिलाउन पहल गर्ने, बिक्री भएको दुधको भुक्तानी सहज बनाउन सरोकारवाला पक्षसँग पहल गरिने, उत्पादित दुग्धपदार्थ बजारीकरणका लागि जिल्लाको मुख्य बजार हेटौंडामा आवश्यक्ताका आधारमा बिक्री काउण्टर स्थापना गर्ने लगायत काम गरिने उनले बताए ।

प्रमुख अतिथि बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष तथा संघका सल्लाहकार देवकोटाले मकवानपुर जिल्ला दुग्ध सहकारी संघ लि. को मातहतमा सञ्चालित दुग्ध प्रशोधन उद्योग नियमित उत्पादनसँगै सञ्चालन हुने वातावरण सिर्जना भएमा कृषकले भोग्दै आएको मिल्क होलिडे र भुक्तानीमा हुने ढिलासुस्ती जस्ता समस्याको अन्त्य हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा बोल्दै केन्द्रीय दुग्ध सहकारी संघका सञ्चालक सदस्य विदुर हुमागाईले कृषकमा रहेको समस्या समाधानका लागि आन्दोलनको कार्यक्रम तय भई सरकारसँग वार्ता गरी तत्काललाई स्थगित गरिएको र वार्तामा भएका सहमति र सम्झौता कार्यान्वयन नभएमा पुन आन्दोलनको विकल्प अरु नभएको बताए । १ करोड १३ लाख शेयर पुँजी रहेको यस संघमा १ करोड २६ लाख ७२ हजार ३ सय ८० रुपैयाँ जगेडाकोष रहेको छ । संघको कुल सम्पत्ति २६ करोड ३१ लाख ६८ हजार ३ सय ३६ रुपैयाँ रहेको छ । त्यस्तै संघको कूल कारोबार ९८ करोड ४९ लाख ५८ हजार ९ सय ७८ रुपैयाँ रहेको छ ।

"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"

## हार्दिक समवेदना।



जन्मः
१९९५ असार १६ गते

स्वर्गारोहणः
२०८० माघ १५ गते

स्व: डेन्टीजंग शाह

मकवानपुर जिल्लाका एक शैक्षिक धरोहरका रुपमा हेटौंडाका बिभिन्न सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापकको जिम्मेवारीमा रहेर शिक्षा क्षेत्रमा निकै लामो र सबल नेतृत्व प्रदान गर्दै लाखौं बालबालिकाको भविष्य उज्जवल बनाउन सफल आदरणीय व्यक्तित्व **डेन्टीजंग शाह**को दु:खद् निधनको आज ४५ औं दिनको पुण्यतिथिमा उहांको आत्माको चीरशान्तिको कामना गर्दै शोकमा रहनुभएका परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**२०३९ साल एस.एल.सी., आ.रा.मा.वि. विद्यार्थी समूह**

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

### हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना